कर्णाली प्रदेशको पहिलो दैनिक

# कााँक्रेविहार

राष्ट्रिय दैनिक

www .kankrebihar .com

❒ वर्ष : २५ ❒ अंक : २६४ ❒ सोमवार, २२ असार, २०८३ ❒ Monday, 6 July 2026 ❒ नेपाल संवत ११४६ ❒ पृष्ठ : ४ ❒ मूल्य : रु. १०



कााँक्रेविहार राष्ट्रिय दैनिक





# शारदावासीको सपना पूरा हुँदै, घर–घरमा पुग्दै स्वच्छ खानेपानी

### *जर्खु र खैरावाङ लिफ्ट आयोजना निर्माण तीव्र, एक वर्षभित्र १७ हजारभन्दा बढी नागरिकलाई दीगो खानेपानी सेवा*

❒ कााँक्रेविहार संवाददाता
सुर्खेत, २१ असार

सल्यानको शारदा नगरपालिकाले नगरवासीलाई दीगो, सुरक्षित र गुणस्तरीय खानेपानी उपलब्ध गराउने लक्ष्यका साथ अहिलेसम्मकै सबैभन्दा ठूलो लगानी खानेपानी क्षेत्रमा केन्द्रित गरेको छ।

विश्व बैंकको सहुलियतपूर्ण ऋण, संघीय सरकार, कर्णाली प्रदेश सरकार र नगरपालिकाको लागत साझेदारीमा निर्माण भइरहेका जर्खु लिफ्टिङ खानेपानी आयोजना तथा खैरावाङ सामुदायिक खानेपानी आयोजना तीव्र गतिमा अघि बढिरहेका छन्। यी दुवै आयोजना सम्पन्न भएपछि नगरका १७ हजारभन्दा बढी नागरिक प्रत्यक्ष रूपमा लाभान्वित हुने भएका छन्।

नगरपालिकाले आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेटमार्फत निर्माणाधीन तथा नयाँ खानेपानी आयोजनाहरूलाई निरन्तरता दिन ४५ करोड ७२ लाख ५० हजार रुपैयाँ विनियोजन गरेको छ।

खानेपानीलाई आधारभूत नागरिक अधिकारका रूपमा स्थापित गर्दै नगरका सबै घरधुरीमा स्वच्छ र नियमित खानेपानी सेवा पुऱ्याउने लक्ष्यसहित यो लगानी गरिएको नगरपालिकाले जनाएको छ।

## विश्व बैंकको सहुलियतपूर्ण ऋण सहयोग

यी आयोजना विश्व बैंकको ८० मिलियन अमेरिकी डलर सहुलियतपूर्ण ऋण सहयोगमा सञ्चालन भइरहेको खाने पानी क्षेत्रगत सुशासन तथा पूर्वाधार सहयोग कार्यक्रमअन्तर्गत कार्यान्वयन भइरहेका हुन्।

कार्यक्रम कर्णाली र सुदूरपश्चिम प्रदेशका छ स्थानीय तह, वीरेन्द्रनगर नगरपालिका, शारदा नगरपालिका, दिपायल सिलगढी नगरपालिका, बर्दगोरिया गाउँपालिका, जोशीपुर गाउँपालिका र जानकी गाउँपालिकामा सञ्चालन भइरहेको छ। कार्यक्रमको कुल लागत एक सय मिलियन अमेरिकी डलर रहेको छ।

## तीन तहको सरकारको लागत साझेदारी

संघीयता कार्यान्वयनपछि खानेपानीजस्ता ठूला पूर्वाधार आयोजना तीन तहका सरकारको लागत साझेदारीमा सञ्चालन भइरहेका छन्। जर्खु आयोजनामा ८० प्रतिशत संघीय सरकार, १३ प्रतिशत कर्णाली प्रदेश सरकार र ७ प्रतिशत शारदा नगरपालिकाको लागत साझेदारी रहेको छ। कर्णाली प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि जर्खु र भेरी लिफ्ट खानेपानी आयोजनाका लागि ३० करोड रुपैयाँ बजेट व्यवस्था गरेको छ।

## एक वर्षभित्र सबै नागरिकलाई सुरक्षित खानेपानी



नगर प्रमुख प्रकाश भण्डारीले नगरपालिकाको भौगोलिक अवस्थाका कारण लिफ्ट प्रविधिबाट खानेपानी आपूर्ति गर्नु चुनौतीपूर्ण भए पनि त्यसलाई अवसरका रूपमा लिएर काम भइरहेको बताए।

उनले निर्वाचित भएदेखि नै नगरका सबै नागरिकलाई स्वच्छ खानेपानी उपलब्ध गराउने लक्ष्यका साथ ठूला र साना दुवै प्रकारका लिफ्ट खानेपानी आयोजना अघि बढाइएको जानकारी दिए।

भण्डारीका अनुसार जर्खु र खैरावाङ आयोजना सम्पन्न भएपछि नगरका अधिकांश नागरिक सुरक्षित खानेपानी सेवाको पहुँचमा पुग्नेछन्। त्यसबाहेक खानेपानीको समस्या रहेका अन्य बस्तीमा पनि साना लिफ्ट खानेपानी योजना सञ्चालन भइरहेका छन्।

## जर्खु आयोजना : सात वडाका नागरिकलाई दीगो खानेपानी



हाल निर्माणाधीन जर्खु लिफ्टिङ खानेपानी आयोजना शारदा नगरपालिकाको सबैभन्दा ठूलो खानेपानी आयोजना हो। ४२ करोड रुपैयाँ लागतको यो आयोजना संघीय खानेपानी मन्त्रालयअन्तर्गत खानेपानी तथा ढल व्यवस्थापन विभागको खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार सहयोग आयोजना मार्फत कार्यान्वयन भइरहेको छ। यो आयोजना सम्पन्न भएपछि नगरपालिकाका वडा नम्बर ४, ५, ६, ८, ९ र १० का २ हजार ६ सय ८५ घरधुरीका १० हजार ७ सय ४० नागरिक प्रत्यक्ष लाभान्वित हुनेछन्। आयोजनाले हालसम्म ३५ प्रतिशत भौतिक प्रगति हासिल गरिसकेको छ। आयोजना कार्यान्वयन इकाईका परियोजना व्यवस्थापक दिपक महर्जनका अनुसार वडा नम्बर १० स्थित जर्खु मुहानबाट लिफ्ट प्रविधिमार्फत पानी उठाएर सिद्ध पार्कमा निर्माण भइरहेको चार लाख लिटर क्षमताको मुख्य रिजर्भ ट्याङ्कीमा संकलन गरिनेछ। त्यहाँबाट आधुनिक वितरण प्रणालीमार्फत सम्बन्धित वडाका प्रत्येक घरधुरीमा सुरक्षित खानेपानी पुऱ्याइनेछ।

## लिफ्ट प्रविधिमार्फत पानी आपूर्ति





शारदा नगरपालिकाको भौगोलिक बनावटलाई मध्यनजर गर्दै आयोजनामा अत्याधुनिक लिफ्ट प्रविधि प्रयोग गरिएको छ। मुहानदेखि मुख्य ट्याङ्कीसम्म ५ दशमलव ५ किलोमिटर डीआई पाइपलाइन विस्तार गरिनेछ भने सो मार्गमा पाँच स्थानमा लिफ्ट स्टेशन निर्माण गरिनेछन्। हाल मुहान क्षेत्रमा इन्टेक, पानी प्रशोधन केन्द्र, मुख्य पाइपलाइन तथा सिद्ध पार्कस्थित मुख्य ट्याङ्की निर्माणको काम एकसाथ भइरहेको छ। आयोजना अन्तर्गत लिफ्ट प्रणाली रहने पाँच स्थानमा दुई-दुई लाख लिटर क्षमताका ट्याङ्की समेत निर्माण भइरहेका छन्। प्रत्येक घरसम्म खानेपानी पुऱ्याउन विस्तार गरिने ९९ किलोमिटर वितरण पाइपलाइनमध्ये ४२ किलोमिटर पाइप बिछ्याउने काम सम्पन्न भइसकेको छ। आयोजना सम्पन्न भएपछि ११ केभी विद्युत् प्रयोग गरी प्रतिक्षण ११ लिटर पानी लिफ्ट गरेर नागरिकको घर-घरमा पुऱ्याइनेछ।

## खैरावाङ आयोजनाबाट थप तीन वडामा सेवा विस्तार



जर्खु आयोजनाले नसमेटिएका क्षेत्रलाई लक्षित गर्दै वडा नम्बर १, ११ र १२ मा खैरावाङ सामुदायिक खानेपानी आयोजना पनि निर्माण भइरहेको छ। २५ करोड ४३ लाख रुपैयाँ लागतको यो आयोजना गत वैशाखदेखि सुरु भएको हो। आयोजनाबाट १ हजार १ सय ९९ घरधुरीका ६ हजार ५ सय ३८ नागरिक प्रत्यक्ष लाभान्वित हुनेछन्। हाल आयोजनाको १२ प्रतिशत भौतिक प्रगति भएको छ। वडा नम्बर १ स्थित शारदा नदी किनारमा बोरिङ गरी पानी संकलन गरिनेछ। त्यहाँबाट करिब ५ दशमलव ५ किलोमिटर मुख्य पाइपलाइन मार्फत पानी मुख्य ट्याङ्कीसम्म पुऱ्याइनेछ भने ५२ किलोमिटर वितरण सञ्जाल विस्तार गरी प्रत्येक घरमा धारा जडान गरिनेछ। आयोजना २०८४ भदौ ७ गतेभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ।

## चार वर्षमा एक अर्बभन्दा बढी लगानी




नगर प्रमुख भण्डारीले पछिल्लो चार वर्षको अवधिमा मात्रै शारदा नगर पालिकामा खानेपानी क्षेत्रमा एक अर्ब रुपैयाँभन्दा बढी लगानी भएको बताएका छन्। उनका अनुसार शिक्षा, स्वास्थ्य, कृषि र खानेपानीलाई नगरपालिकाको प्राथमिकतामा राखेर बजेट व्यवस्थापन गरिएको छ। सीमित स्रोत-साधनका बाबजुद नागरिकका आधारभूत आवश्यकतालाई केन्द्रमा राखेर विकासका कार्यक्रम अघि बढाइएको उनले बताए। शारदा नगरपालिकामा निर्माणाधीन यी दुवै आयोजना निर्धारित समयमै सम्पन्न भए आगामी एक वर्षभित्र नगरका हजारौं नागरिकको घर-घरमा दीगो, स्वच्छ र नियमित खानेपानी सेवा पुग्ने विश्वास गरिएको छ। यसले नगरको जनस्वास्थ्य, सरसफाइ र जीवनस्तर सुधारमा महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।


डिजिटल युगको विश्वसनीय आवाज

www .kankrebihar .com

सम्पादकीय

# गाउँमा टिकाउने अर्थतन्त्र बनाऔं

कर्णालीसहित नेपालको पहाडी भूभागमा सडक पुगेपछि विकासले गति लियो । गाउँ–गाउँमा बिजुली बल्यो, मोबाइल र इन्टरनेटको पहुँच विस्तार भयो, विद्यालय र स्वास्थ्य संस्था खुले । तर पूर्वाधार विस्तारसँगै गाउँबाट शहरतर्फको बसाइँसराइ रोकिएन, बरू झन् तीव्र बन्दै गयो । विकासको मूल उद्देश्य गाउँलाई जीवन्त बनाउनु थियो, तर परिणाम उल्टो देखिन थालेको छ । तर गाउँमा सडक पुगे पनि रोजगारी पुगेन । विद्यालय खुले पनि गुणस्तरीय उच्च शिक्षा र सीपमूलक अवसर सीमित रहे । स्वास्थ्य संस्था बने पनि विशेषज्ञ सेवा उपलब्ध भएन । उद्योग, उद्यम र आधुनिक कृषि विस्तार हुन सकेन। फलस्वरूप युवाले आफ्नो भविष्य गाउँमा होइन, शहर वा विदेशमा देख्न थाले । राष्ट्रिय जनगणना २०७८ ले पनि यही यथार्थलाई पुष्टि गरेको छ । जन्मस्थान छोडेर अन्यत्र बस्ने जनसंख्या निरन्तर बढिरहेको छ । अधिकांश पहाडी जिल्लाको खुद बसाइँसराइ दर ऋणात्मक हुनु भनेको ती जिल्लामा आउनेभन्दा जानेको संख्या धेरै हुनु हो ।  मध्यपहाडी राजमार्गले छोएका अधिकांश जिल्लामा समेत यही प्रवृत्ति देखिनु विकास नीतिमाथिकै गम्भीर प्रश्न हो ।

आज गाउँमा विद्यालय छन्, तर विद्यार्थी घटिरहेका छन ्। स्वास्थ्य संस्था छन्, तर बिरामीभन्दा स्वास्थ्यकर्मीको अभाव बढी देखिन्छ । कृषि योग्य जमिन बाँझिँदै गएको छ । राज्यले बनाएका संरचना उपयोगविहीन बन्दै गएका छन् । अर्कोतर्फ शहरहरूमा अनियन्त्रित जनघनत्व बढेको छ । वीरेन्द्रनगरजस्ता शहरको स्थायी जनसंख्याभन्दा सेवा लिने जनसंख्या धेरै गुणा बढिसकेको छ । यसले सडक, खानेपानी, फोहोर व्यवस्थापन, शिक्षा र स्वास्थ्य सेवामाथि असह्य दबाब सिर्जना गरिरहेको छ । यसबाट स्पष्ट हुन्छ कि पूर्वाधार मात्र विकास होइन । विकासको वास्तविक मापन मानिसको जीवनस्तर, रोजगारी, उत्पादन, आय र बसोबासको स्थायित्वले हुन्छ । यदि गाउँमा आर्थिक गतिविधि सिर्जना गर्न सकिएन भने सडकले मानिसलाई गाउँमा रोक्ने होइन, शहरसम्म छिटो पुग्ने माध्यम मात्र बन्नेछ ।

अब राज्यले विकासको प्राथमिकता पुनः समीक्षा गर्नुपर्ने बेला आएको छ । सडकसँगै उत्पादन, कृषि आधुनिकीकरण, स्थानीय उद्योग, पर्यटन, उद्यमशीलता र रोजगारी सिर्जना गर्ने नीतिलाई समान महत्व दिनुपर्छ । गाउँमा बस्ने नागरिकले सम्मानजनक जीवनयापन गर्न सक्ने वातावरण निर्माण नगरी बसाइँसराइ रोक्ने कुनै पनि प्रयास सफल हुन सक्दैन । गाउँ रित्तिनु केवल जनसंख्या घट्नु मात्र होइन, त्यो उत्पादन घट्नु हो, संस्कृति हराउनु हो, स्थानीय अर्थतन्त्र कमजोर हुनु हो र अन्ततः राष्ट्रिय सन्तुलित विकासमाथि चुनौती खडा हुनु हो । त्यसैले अबको विकास नीति पूर्वाधार निर्माणबाट मात्र होइन, गाउँमा मानिस टिकाउने अर्थतन्त्र निर्माणतर्फ केन्द्रित हुनुपर्छ । अन्यथा, सडक त गाउँसम्म पुगिरहनेछ, तर ती सडकमा गाउँ छाडेर शहर जाने यात्रुहरूको भीड मात्र बढिरहनेछ ।

# रूपान्तरणको हाइवे कि विरोधाभासको सुरूङ ?



✍ डा. राजेश्वर कुशवाहा

२०८२ भदौ २३ र २४ मा जेनजी पुस्ताको नेतृत्वमा सडकबाट उर्लिएको जनविद्रोहले नेपाली राजनीतिमा स्थायी बन्दै गएको दलीय गुटतन्त्र र (अ)नीतिगत भ्रष्टाचारको जग खलबलाइदियो । सुशासन र शासकीय रूपान्तरणप्रतिको त्यही तीव्र जनआकांक्षालाई संस्थागत गर्दै गत फागुनको निर्वाचनमा नेपाली जनताले राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन्द्र शाहको नेतृत्वलाई करिब दुई-तिहाइको अभूतपूर्व जनादेश सुम्पियो । यो संघीयता स्थापना भएपछिका प्रधानमन्त्रीहरूले पाएको सबैभन्दा बलियो जनाधार हो ।

जनभावनाको त्यही प्रचण्ड लहरमा सवार भएर प्रधानमन्त्री बालेन्द्र शाहको नेतृत्वमा वर्तमान सरकार गठन भएको हो । सरकार गठन लगतै बसेका मन्त्रिपरिषद्को पहिलो बैठकले सय बुँदे 'शासकीय सुधार कार्यसूची' स्वीकृत गरी, सय दिनमा सय काम गर्ने महत्त्वाकाङ्क्षी लक्ष्य सार्वजनिक गरिएको थियो ।

ती सय बुँदालाई ११ क्षेत्रमा वर्गीकृत गरिएको थियो, जसमा प्रशासनिक सुधार, पुनर्संरचना, डिजिटल शासन, भ्रष्टाचार नियन्त्रण, सार्वजनिक सेवा प्रवाह, लगानी प्रवर्द्धन, ऊर्जा, कृषि, शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, सार्वजनिक खरिद र आधारभूत सेवा सुधार समेटिएको थियो ।

सरकार गठन भएको सय दिन पूरा भएसँगै सरकारको 'हनिमुन पिरियड' पनि समाप्त भएको छ र सरकारले हिजै 'नेपाल सरकारका एक सय दिनका मुख्य उपलब्धिहरू' नामक ३४ पृष्ठको प्रतिवेदन सार्वजनिक गरेको छ । प्रश्न के हो भने के बालेन सरकारले आफूले गरेको एक सय प्रतिबद्धताहरू यी सय दिनमा पूरा गर्‍यो ? यो सय दिने यात्राको मूल्याङ्कन कसरी गर्ने ? सरकारले आफ्नो सय बुँदे कार्यसूचीमा ८७.२ प्रतिशत प्रगति भएको दाबी गरेको छ भने ७० वटा बुँदाको कार्यान्वयन भइसकेको जनाएको छ । तर स्वतन्त्र विश्लेषणले र सार्वजनिक भएका समाचार हरूले फरक तस्बिर देखाउँछन् । सरकारलाई कसैले ३८ त कसैले २० प्रतिशत मात्र अङ्क दिइएका छन् ।

तर यो सय दिनको अवधिलाई केवल सरकारले दाबी गरेका प्रक्रियागत र अंकगणितीय उपलब्धिको चस्माबाट मात्र हेरियो भने त्यो अपूर्ण हुनेछ । बालेन शाहले चुनावी अभियानका क्रममा गरेका बाचाहरू-जनकपुरमा 'प्रदेश आउरो बलगर बनाबे के है' र सुदूरपश्चिममा 'सुदूर अब दूर नाई, झिक्कै-झिक्कै माया तम्लाई' भनेको आधारमा पाएको दुई-तिहाइको म्यान्डेट, उनको सरकारको कार्यशैली, न्यायलयको कडी, उनको दलको नीतिगत विरोधाभास र आगामी राजनीति कदम नै यस आलेखको मुख्य विषय रहेको छ । बालेन शाह नेतृत्वको मन्त्रीपरिषद्ले पहिलो दिन निर्णयगरी सार्वजनिक गरेको शासकीय सुधार कार्यसूचीको मुख्य टार्गेट प्रशासनिक फजुल खर्च कटौती, भ्रष्टाचारमाथि निर्मम प्रहार र सार्वजनिक सेवा प्रवाहलाई बिचौलियामुक्त बनाउनु रहेको थियो । र, उनको सरकारले हिजो सार्वजनिक गरेको उपलब्धिहरूको प्रतिवेदनलाई आधार मान्ने हो भने उनका केही कदमहरू वास्तवमै साहसिक र प्रस्थान बिन्दुका रूपमा देखिन्छन् ।

सरकारले सार्वजनिक गरेको उपलब्धिहरूलाई आधार मान्ने हो भने डिजिटल शासन र सेवा प्रवाहको लक्ष्यमा उल्लेखनीय प्रगति भएको छ । राहदानी, नागरिकता र ड्राइभिङ लाइसेन्स जस्ता अत्यावश्यक सेवाहरूलाई हुलाकमार्फत नागरिकको घरदैलोमै पुर्‍याउने अभियान केहि जिल्लाहरूमा नमुनाको रूपमा सुरु हुनु र बैङ्क धितोबन्धकी रोक्का-फुकुवा अनिवार्य रूपमा अनलाइन गर्ने व्यवस्थाले जनतालाई बिचौलिया र अनावश्यक सास्तीबाट ठुलै मुक्ति दिलाएको छ ।

उनले लिएको प्रशासनिक शल्यक्रिया र खर्च कटौती लक्ष्यलाई हेर्ने हो भने साबिकका २२ वटा मन्त्रालयलाई घटाएर १८ वटा कायम गर्नु, साथै संविधानको धारा ७६ (९) अनुसार बढीमा पच्चीस सदस्यीय मन्त्रिपरिषद् गठन गर्ने सुविधा प्राप्त हुँदाहुँदै जम्मा १७ सदस्यीय मन्त्रीमण्डल गठन गर्नु, अनावश्यक सरकारी निकायहरू खारेजी गर्नु र वर्षौंदेखि कर्मचारीतन्त्रलाई दलीय राजनीतिको अखडा बनाएका दलीय ट्रेड युनियनहरूलाई अध्यादेशमार्फत खारेज गर्नु शासकीय सुधारको दिशामा बालेनको स्पष्ट कदम हो ।

अर्कोतिर, वर्षौंदेखि पहुँचवालाहरूले नियमविपरीत प्रयोग गर्दै आएका ६७२ वटा सरकारी गाडी र मोटरसाइकलहरू जफत गरी फिर्ता गरेर राज्य मातहत ल्याउनुले आर्थिक अनुशासनको टार्गेटलाई ठुलै बल पुर्‍याएको छ । सरकारले सार्वजनिक गरेको उपलब्धिहरूलाई आधार मान्ने हो भने डिजिटल शासन र सेवा प्रवाहको लक्ष्यमा उल्लेखनीय प्रगति भएको छ । राहदानी, नागरिकता र ड्राइभिङ लाइसेन्स जस्ता अत्यावश्यक सेवाहरूलाई हुलाकमार्फत नागरिकको घरदैलोमै पुर्‍याउने अभियान केहि जिल्लाहरूमा नमुनाको रूपमा सुरु हुनु र बैङ्क धितोबन्धकी रोक्का-फुकुवा अनिवार्य रूपमा अनलाइन गर्ने व्यवस्थाले जनतालाई बिचौलिया र अनावश्यक सास्तीबाट ठुलै मुक्ति दिलाएको छ ।

त्यस्तै, 'हेलो सरकार' मा गुनासो ६ सय प्रतिशतले बढ्नु र साठ्ठि प्रतिशत गुनासा समाधान हुनुले सरकारप्रतिको जनविश्वासलाई अङ्कगणितीय रूपमै प्रस्ट बुझ्न सक्छौं । शिक्षा क्षेत्रमा एसइईको नतिजा एक महिनाभित्र, कक्षा १२ को ४० दिनभित्र र विश्वविद्यालयको नतिजा ६५ दिनभित्र प्रकाशन गर्ने अभ्यास थालिनु शिक्षा क्षेत्रका लागि ठुलो उपलब्धि हो। त्यस्तैगरि, सरकारले ०६२/०६३ देखि ०८२/०८३ सम्म उच्चपदस्थहरूको सम्पत्ति छानबिन गर्न आयोग गठन गरी ११ हजारभन्दा बढी उजुरी सङ्कलन हुनु र सम्पत्ति शुद्धीकरण विभागमार्फत १०१ जनामाथि ११८ अर्बको बिगो दाबीसहित मुद्दा चलाउनु र त्रिभुवन विश्वविद्यालयका चार सय प्राध्यापकहरूबाट अध्ययन बिदाबाट नफर्किइको भन्दै करिब १३ करोड २६ लाख राजस्व फिर्ता लिनुले सरकारको आर्थिक तथा वित्तीय अपराध र भ्रष्टाचारमा 'शून्य सहनशीलता' को नीतिलाई थपबल पुर्‍याएको छ । निश्चय नै बालेन सरकारले प्रशासनिक सुधार र भ्रष्टाचार नियन्त्रणमा केही उल्लेखनीय कामको सुरुवात गरेको छ । यी सरकारका सकारात्मक पक्ष हुन् ।

तर, यस्ता प्रशंसनीय प्रयासहरूका बाबजुद बालेन सरकारको सय दिन परिपक्व राजनीतिक दूरदर्शिता र विधिको शासनभन्दा पनि 'लोकरिझ्याईं' र 'राजनीतिक प्रतिशोध' को छायामा रुमल्लिएको देखिन्छ । सरकार गठनको पहिलो दिनदेखि नै चालिएका कतिपय कदमहरूले यसको लोकतान्त्रिक निष्ठामाथि गम्भीर प्रश्नचिन्ह खडा गरिदिएका छन् ।

विशेषगरी, सरकार बन्ने बित्तिकै पहिलो दिनको निर्णयबाट पुराना राजनीतिक दलका केही नेताहरूलाई जसरी हतार-हतार नियन्त्रणमा लिने वा कारबाहीको दायरामा ल्याउने प्रयास गरियो, त्यसको चौतर्फी आलोचना भयो । भ्रष्टाचारीमाथि कारबाही हुनुपर्छ भन्नेमा दुई मत छैन । तर राज्यले कुनैपनि नागरिकलाई समाउनु अघि जुन स्तरको कानुनी पूर्वतयारी, ठोस प्रमाण र प्रक्रियागत परिपक्वता आवश्यक पर्ने गर्छ त्यसमा बालेन सरकार स्पष्ट रूपमा चुकेको देखिन्छ ।

सरकारको अर्को कमजोर पक्ष भनेको निजी क्षेत्रसँगको सम्बन्ध हो । केही व्यापारिक घरानाहरूको गिरफ्तारीले निजी क्षेत्रमा त्रास उत्पन्न भएको देखिन्छ । यद्यपि, रास्वापाको घोषणापत्रमै निजी क्षेत्रलाई विकासको साझेदार बनाउने उल्लेख थियो । व्यापारिक क्षेत्रको संरचनागत पहिरो रोक्न कुनै ठोस प्रयास नभएको तथ्याङ्कहरूले पुष्टि गर्छन् ।

परिणामस्वरुप, न्यायालयले यी कदमहरू कानुनसम्मत नदेखिएको भन्दै सरकारको स्वेच्छाचारितामाथि ब्रेक लगाइदियो । अदालतको यस्तो कडा टिप्पणीले सरकारको विधिको शासन स्थापित गर्न खोजेको मनसायमाथि नै गम्भीर आशङ्का जन्माइदियो । पर्याप्त गृहकार्य र कानुनी धरातल बिना आवेगमा गरिने यस्ता आवेगात्मक 'एक्सन'ले अन्ततः विधिको शासनलाई नै कमजोर बनाउँछ र प्रतिपक्षीहरूलाई सरकार विरुद्धको कार्ड खेल्ने बहाना दिन्छ ।

बालेन सरकारको कार्यशैलीमा देखिएको अर्को गम्भीर विचलन भुइँमान्छेका समस्याप्रको असंवेदनशीलता र लोकतान्त्रिक प्रक्रियाप्रतिको उदासीनता नै हो । सरकार काठमाडौंको सुकुम्वासी व्यवस्थापनमा चुकेकै छ । नदी किनाराका जोखिमयुक्त बस्तीहरू भत्काउने र पार्क बनाउने कार्य वातावरणीय रूपमा सह्रानीय नै छ ।

# पहिरो पञ्छाएपछि अबरुद्ध सडक सुचारु

कााँक्रेविहार संवाददाता
कालीकोट, २१ असार



गए रातिदेखि अबरुद्ध कर्णाली राजमार्गको कालीकोट-जुम्ला सडक खण्ड सञ्चालनमा आएको छ । शनिवार राति परेको अबिरल बर्षाले राजमार्गको कालीकोट खण्डमा पर्ने छेकामा ठुलो पहिरो गएको थियो । बिहान ६ बजेबाट सडकको पहिरो पञ्छाएपछि राजमार्ग २:३० मा खुलेको छ । जिल्ला प्रहरी कार्यालय कालीकोटका अनुसार लगातार स्काभेटरले पहिरो पञ्छाएका कारण छिटै सडक सुचारु गराउन सकिएको हो । पानी परेको भए अझै समय लाग्ने थियो, जिल्ला प्रहरी कार्यालयले आफ्नो समाजिक सञ्जालमा राखेको सूचनामा उल्लेख छ । राजमार्ग अन्तर्गत पर्ने तिलागुफा नगरपालिका वडा ७ को छेका बजारमा आएको पहिरोले शनिवार रातिदेखि यातायातका साधन बन्द भएका थिए । पहिरोले राजमार्ग दुईतर्फी बन्द भएको थियो । पहिरो पञ्छाएपछि अहिले सडक सुचारु भएको छ । बर्षातको समयमा कर्णाली राजमार्ग अबरुद्ध हुने भएकाले सूचना लिएर मात्र यात्रा गर्न प्रहरीले आग्रह गरेको छ ।

# कोहलपुरमा ग्रासरुट फुटबल प्रशिक्षण सुरू

कााँक्रेविहार संवाददाता
बाँके, २१ असार

कोहलपुरको मैटहवामा ग्रासरुट फुटबल प्रशिक्षण कार्यक्रमको औपचारिक रुपमा सुरु गरिएको छ ।

फिफा मास्टर विप्लव गौतमले एन्फा बाँकेका फुटबल प्रशिक्षक युवराज शाहीलाई बल हस्तान्त्रण गर्दै प्रशिक्षण कार्यक्रमको शुभारम्भ गरेका थिए । उद्घाटन समारोहमा बाँकेको फुटबल विकासमा महत्वपुर्ण सहयोग गरेको भन्दै गौतमलाई बाँके जिल्ला फुटबल संघका अध्यक्ष एवम् अखिल नेपाल फुटबल संघका केन्द्रिय सदस्य भोजराज शाहीले सम्मान गरेका थिए ।



बिरबल फुटबल एकेडेमीले कोहलपुर नगरपालिका वडा नम्बर ३ मैटहवा स्थित ग्रासरुट फुटबल प्रशिक्षण कार्यक्रम संचालन गरिरहेको थियो । जहाँ १६ वटा निजी तथा सामुदायिक विद्यालयका १ सय ७० भन्दा बढी बालबालिकाहरुलाई हरेक हप्ताको शनिबार, आइतबार र विदाको दिन बिहान निःशुल्क रुपमा फुटबल प्रशिक्षण गराईन्छ । बिरबल फुटबल एकेडेमीको अध्यक्ष आशादेवी शाहीले उद्घाटन समारोहमा सहभागि सम्पुर्णलाई धन्यवाद दिदै फुटबलको माध्यमबाट बालबालिकालाई खेलमा अभिरुची जगाउने प्रयास गरिएको बताए । प्रमुख अतिथी गौतमले बिरबल फुटबल एकेडेमीले सुरुआत गरेको ग्रासरुट प्रशिक्षण कार्यक्रम निकै फलदायी हुने बताए । उनले भने, "फुटबलमा बालबालिको रुची जगाउनु पर्छ । उनीहरुले फुटबल खेल्न आनन्द माने भने यस प्रति आर्कषण बढदै जान्छ यसले नेपाली फुटबललाई विकासको जग बसाल्न सहयोग गर्छ ।"

वर्तमान नेपाली फुटबलको अवस्थाको बारेमा बताउँदैं गौतमले भने, "एन्फा अहिले प्रतिबन्धमा छ । तर नेपाली फुटबल एन्फा भन्दा धेरै माथी छ । नेपाली फुटबलको नेतृत्वमा बसेका व्यक्तिहरु भन्दा हजारौ जनाले यसरी गाउँघरमा, जिल्ला जिल्लामा फुटबलको विकासको लागि काम गरिरहनु भएको छ । उहाँहरुको समर्पण महत्वपुर्ण छ नेपाली फुटबलका लागि ।" बाँके जिल्ला फुटबल संघका अध्यक्ष एवम् अखिल नेपाल फुटबल संघका केन्द्रिय सदस्य भोजराज शाहीले गौतमले बाँकेको फुटबल विकासमा धेरै सहयोग गर्नु भएको बताए ।  उनले भने, "गौतम जी हामी हृदयदेखि नै धन्यवाद दिन चाहन्छौं । यहाँको साथ र सहयोगले हामीलाई सधै फुटबलमा सक्रिय रहन उर्जा मिल्ने गरेको छ । उहाँले कोहलपुर आएर ग्रासरुट फुटबल प्रशिक्षणको उद्घाटन गर्नु हाम्रो लागि खुसी कुरा हो ।"

# जिप दुर्घटना, एकको मृत्यु, १३ घाइते



कााँक्रेविहार संवाददाता
डोल्पा, २१ असार

डोल्पाको मौरेलेख क्षेत्रमा आइतबार भएको बोलेरो जिप दुर्घटनामा एक महिलाको मृत्यु भएको छ भने चालकसहित १३ जना घाइते भएका छन् ।

जिल्ला प्रहरी कार्यालय डोल्पाका अनुसार मृत्यु हुनेमा त्रिपुरासुन्दरी नगरपालिका आठ निवासी ३८ वर्षीया विष्णु थापा रहेकी छन् ।

दुर्घटनामा उनको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ । आइतबार दिउँसो करिब १:५० बजे जगदुल्ला गाउँपालिका चार माझफाँटबाट जुम्लातर्फ जाँदै गरेको कर्णाली प्रदेश ००१ ज ००५२ नम्बरको बोलेरो जिप मौरेलेख क्षेत्रमा आफैँ अनियन्त्रित भई सडकबाट करिब २० देखि २५ मिटर तल खसेपछि दुर्घटना भएको हो ।

प्रहरीका अनुसार जिपमा चालकसहित १४ जना सवार थिए । दुर्घटनामा चालकसहित अन्य १३ जना घाइते भएका छन् । घाइतेहरूको घटनास्थलमै प्राथमिक उद्धार गरी थप उपचारका लागि जुम्ला पठाउने तयारी भइरहेको प्रहरीले जनाएको छ ।

उद्धार कार्यलाई तीव्र बनाउन चन्दननाथ नगरपालिकाको एम्बुलेन्स जुम्लाबाट घटनास्थलतर्फ पठाइएको छ । स्थानीयवासी, प्रहरी तथा सम्बन्धित निकायको समन्वयमा उद्धार कार्य जारी रहेको छ ।

दुर्घटनाको कारण खुल्न बाँकी रहेको प्रहरीले जनाएको छ । घटनाबारे थप विवरण संकलन भइरहेको जिल्ला प्रहरी कार्यालय डोल्पाले जानकारी दिएको छ ।

## सुर्खेतमा फुटबल पर्व :
# “नेपाल लेजेन्ड्स भर्सेस कर्णाली लेजेन्ड्सबीच प्रतिस्पर्धा




कााँक्रेविहार संवाददाता
सुर्खेत, २१ असार

सुर्खेतमा आगामी शनिबार पूर्व राष्ट्रिय खेलाडीहरूबीच मैत्रीपूर्ण फुटबल प्रतियोगिता आयोजना हुने भएको छ । ग्रीनल्याण्ड फुटबल एकेडेमी र ह्युमन राइट्स सोसाइटीको संयुक्त आयोजनामा हुने उक्त प्रतियोगिता असार २७ गते दिउँसो सञ्चालन गरिने जानकारी दिइएको छ ।

शनिबार आयोजित पत्रकार सम्मेलनमार्फत आयोजकले “नेपाल लेजेन्ड्स भर्सेस कर्णाली लेजेन्ड्स” बीच प्रतिस्पर्धा हुने जनाएको हो । प्रतियोगितामा अखिल नेपाल फुटबल संघ (एन्फा) का पूर्व अध्यक्ष तथा पूर्व राष्ट्रिय खेलाडी गणेश थापा, उपेन्द्रमान सिंह, अनिल गुरुङ, बालगोपाल महर्जन, सागर थापा, हरि खड्कालगायत चर्चित खेलाडीहरूको सहभागिता रहनेछ ।

ग्रीनल्याण्ड फुटबल एकेडेमीका अध्यक्ष शशि केसीका अनुसार कर्णाली प्रदेशमै पहिलो पटक यति ठूलो स्तरमा पूर्व राष्ट्रिय खेलाडीहरूको सहभागितामा खेल आयोजना गर्न लागिएको हो । कर्णालीमा फुटबलप्रतिको आकर्षण बढाउने, स्थानीय प्रतिभालाई पहिचान गर्ने तथा पूर्व खेलाडीहरूको सम्मान गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको उनले बताए ।

प्रतियोगितामा कर्णाली प्रदेशका तर्फबाट राष्ट्रिय खेलाडी रोहित चन्दसहित प्रदेश खेलकुद विकास परिषद्का सदस्य सचिव रविन्द्र चन्द, नवीन भण्डारी, जनक रावल, जनक थापा, नारायण कोइराला, ऋषि गिरी, ललित बसेललगायत खेलाडी सहभागी हुनेछन् ।

उक्त प्रतियोगितामा विभिन्न विधामा पुरस्कारसमेत प्रदान गरिनेछ । जसअनुसार समाजसेवी तथा शिक्षाविद् स्वर्गीय खड्कबहादुर बस्नेतको नाममा “म्यान अफ द म्याच”, शिक्षाविद् स्वर्गीय विष्णुप्रसाद गौतमको नाममा “बेस्ट प्लेयर”, समाजसेवी स्वर्गीय डीबी समरदर्शीको नाममा “बेस्ट गोलकिपर”, शिक्षाप्रेमी समाजसेवी डा. सज्जु खड्काको नाममा “बेस्ट डिफेन्डर” तथा समाजसेवी स्वर्गीय डा. हरि सापकोटाको नाममा “बेस्ट स्कोरर” पुरस्कार प्रदान गरिनेछ ।

प्रतियोगिताको अनुमानित लागत करिब २५ लाख रुपैयाँ रहेको आयोजकले जनाएको छ । सो रकम एकेडेमीले व्यवस्थापन गर्ने र कर्णाली प्रदेश खेलकुद विकास परिषद्ले केही सहयोग गर्ने आश्वासन दिएको अध्यक्ष केसीले जानकारी दिए । अन्य सरकारी निकायबाट भने उल्लेख्य सहयोग नपाएको उनको भनाइ छ ।

खेल हेर्नका लागि २००, ३००, ५०० र १००० रुपैयाँ दरका टिकट व्यवस्था गरिएको छ भने विद्यार्थीहरूलाई निःशुल्क प्रवेश दिइनेछ ।

आयोजकका अनुसार यस प्रतियोगिताले कर्णाली प्रदेशमा आगामी राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना गर्न थप ऊर्जा र दबाब सिर्जना गर्ने विश्वास लिइएको छ ।

# पानी पर्न थालेपछि डेंगु संक्रमणको जोखिम बढ्ने

कााँक्रेविहार संवाददाता
काठमाडौं, २१ असार

पानी पर्न थालेपछि डेङ्गी सङ्क्रमणको जोखिम बढ्ने भएकाले आवश्यक सर्तकता अपनाउन इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाले सबैमा अनुरोध गरेको छ । महाशाखाका किटजन्य रोग शाखा प्रमुख डा गोकर्णप्रसाद दाहालले दैनिक पानी पर्न थालेपछि डेङ्गीको जोखिम पनि बढ्ने भएकाले सर्तकता अपनाउन सबैलाई आग्रह गरे । “केही दिनअघि परेको पानीले डेङ्गी सङ्क्रमण बढाउने खतरा रहेको छ”, उनले भने, “आकाशबाट परेको पानी जम्मा हुँदा त्यसमा डेङ्गी सार्ने लामखुट्टेको विकास हुने गर्दछ । त्यही लामखुट्टेले डेङ्गी सार्ने गर्दछ ।” उनले पानी पर्न सुरु गरेकाले डेङ्गी सङ्क्रमणको जोखिम पनि बढ्ने बताउनुभयो । उनले डेङ्गीबाट बच्न आवश्यक सतर्कता अपनाउन सबैलाई आग्रह गरे ।

असार ९ गतेदेखि १५ गतेसम्म ६३ जनामा डेङ्गी देखिएको जनाउँदै डा दाहालले अहिले दैनिक जस्तो पानी परिरहेकाले सडक, घर छेउछाउका पानी जम्नसक्ने खाल्डाखुल्डीमा लामखुट्टेका प्रजाति विकसित हुनेहुँदा सङ्क्रमण बढ्न सक्ने बताए । डेङ्गीबाट बच्न घर वरपरिका खाल्डाखुल्डीमा पानी जम्न नदिने, नियमित सरसफाइ गर्ने, सुत्ने बेला झुलको प्रयोग गर्नेलगायत उपाय अपनाउन सकिने उनले सुझाव दिए । कीटजन्य रोग शाखा प्रमुख डा दाहालका अनुसार डेङ्गी सङ्क्रमणको जोखिम असारदेखि कात्तिकसम्म कायम रहन्छ । “पानी जम्ने सफा ठाउँमा ‘ एडिज एजिप्टी र एडिस एल्बोपिक्टस’ प्रजातिको लामखुट्टेले फूल पार्दछ र ती फूलबाट लार्भा निस्कन्छ । त्यही लार्भा वयस्क भएर मानिसलाई टोकेपछि डेङ्गी रोग लाग्दछ ।

# नमुना सभामार्फत युवा नेतृत्व विकासमा प्रदेश सरकारको जोड



कााँक्रेविहार संवाददाता
सुर्खेत, २१ असार

कर्णाली प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयले युवामा नेतृत्व क्षमता, लोकतान्त्रिक अभ्यास, सार्वजनिक उत्तरदायित्व तथा नीति निर्माण प्रक्रियाप्रतिको बुझाइ विकास गर्ने उद्देश्यले सञ्चालन गरेको प्रदेश नमुना सभा अभ्यास कार्यक्रम-२०८२/०८३ सम्पन्न भएको छ ।

वीरेन्द्रनगर स्थित कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन प्रशिक्षण केन्द्रमा असार १८ गतेदेखि २१ गतेसम्म सञ्चालन भएको चारदिने कार्यक्रममा कर्णाली प्रदेशका १० वटै जिल्लाबाट छनोट भएका १६ देखि २४ वर्ष उमेर समूहका ४० जना युवाको सहभागिता रहेको थियो । यो कार्यक्रम चौथो पटक गरिएको आयोजकले जनाएको छ ।

कार्यक्रममा सहभागी युवाले प्रदेश सभाको वास्तविक कार्यशैली अनुसार सभामुख, मुख्यमन्त्री, मन्त्री, सांसद तथा प्रतिपक्षको भूमिका निर्वाह गर्दै संसदीय प्रक्रिया, नीति निर्माण, विधेयकमाथिको छलफल, प्रश्नोत्तर तथा निर्णय प्रक्रियाको व्यवहारिक अभ्यास गरेका थिए ।

खेलकुद महाशाखा प्रमुख देवीप्रसाद पौडेलको अध्यक्षता तथा सामाजिक विकास मन्त्री घनश्याम भण्डारीको प्रमुख आतिथ्यतामा सम्पन्न समापन कार्यक्रममा सहभागी प्रतिनिधिहरूलाई मन्त्री भण्डारीले प्रमाणपत्र वितरण गरेका थिए ।

समापन समारोहलाई सम्बोधन गर्दै मन्त्री भण्डारीले प्रदेश नमुना सभा अभ्यास केवल राजनीतिक नेतृत्व उत्पादन गर्ने कार्यक्रम नभई प्रशासनिक, सामाजिक, विकास व्यवस्थापन तथा सार्वजनिक जीवनका सबै क्षेत्रमा आवश्यक पर्ने सक्षम नेतृत्व निर्माण गर्ने अभ्यास भएको बताए । उनले लोकतान्त्रिक मूल्य-मान्यता, उत्तरदायित्व, नीति निर्माण प्रक्रिया, संवाद क्षमता र निर्णय गर्ने सीप सिकेका युवाले भविष्यमा जुनसुकै क्षेत्रमा काम गरे पनि त्यसले समाज र राष्ट्रलाई सकारात्मक दिशा दिने विश्वास व्यक्त गरे । नेतृत्व भनेको केवल चुनाव जितेर सांसद वा मन्त्री बन्नु मात्र होइन, मन्त्री भण्डारीले भने, असल प्रशासक, योजनाविद्, शिक्षक, उद्यमी, सामाजिक अभियन्ता र जिम्मेवार नागरिक बन्न पनि यस्ता अभ्यास आवश्यक छन् । सिकेका ज्ञान, सीप र अनुभवलाई व्यवहारमा उतार्दै समाज रूपान्तरणमा योगदान दिनुहोस् । कार्यक्रमका सहभागी युवाले कर्णाली प्रदेशका जल्दाबल्दा समस्या र सम्भावनाबारे मन्त्रीसमक्ष आफ्ना धारणा तथा सुझाव समेत प्रस्तुत गरेका थिए । उनीहरूले कर्णालीमा गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवामा समान पहुँच, युवाको बढ्दो बेरोजगारी, वैदेशिक पलायन, कृषि तथा पर्यटनको व्यवसायीकरण, सडक तथा डिजिटल पूर्वाधारको विस्तार, दुर्गम बस्तीमा आधारभूत सेवा प्रवाह, जलवायु परिवर्तनको प्रभाव, प्राकृतिक स्रोतको संरक्षण तथा स्थानीय स्तरमै रोजगारी सिर्जना गर्न प्रदेश सरकारले थप प्रभावकारी नीति तथा कार्यक्रम ल्याउनुपर्ने आवश्यकता औँल्याएका थिए । युवाहरूले अवसरको अभावका कारण कर्णालीका प्रतिभाशाली युवा प्रदेश बाहिर तथा विदेश पलायन हुन बाध्य भएको उल्लेख गर्दै प्रदेशमै उद्यम, नवप्रवर्तन, सीप विकास तथा रोजगारीका अवसर सिर्जना गर्न सरकारको विशेष ध्यान जानुपर्ने सुझाव दिएका थिए । उनीहरूले नीति निर्माणका विभिन्न तहमा युवाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न पनि आग्रह गरेका थिए । युवाहरूका सुझाव सुनेपछि मन्त्री भण्डारीले उठाइएका विषयहरू प्रदेशको समग्र विकाससँग प्रत्यक्ष रूपमा जोडिएका महत्वपूर्ण मुद्दा भएको उल्लेख गर्दै यस्ता रचनात्मक सुझावलाई मन्त्रालयले नीति तथा कार्यक्रम निर्माणका क्रममा गम्भीरतापूर्वक अध्ययन गर्ने प्रतिबद्धता जनाए ।

समापन कार्यक्रममा अध्यक्षता गर्दै खेलकुद महाशाखा प्रमुख देवीप्रसाद पौडेलले युवामा नेतृत्व क्षमता, निर्णय गर्ने सीप, संवाद कला, तार्किक बहस, सार्वजनिक उत्तरदायित्व तथा लोकतान्त्रिक संस्कार विकास गर्ने उद्देश्यले नमुना सभा अभ्यास कार्यक्रम सञ्चालन गरिएको बताए । उनका अनुसार यस्ता अभ्यासले युवालाई लोकतान्त्रिक प्रणालीको व्यवहारिक अनुभूति दिलाउनुका साथै भविष्यका सक्षम, जिम्मेवार र दूरदर्शी नेतृत्व निर्माणमा महत्वपूर्ण योगदान पुर्‍याउँछ ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ कर्णाली प्रदेशका अध्यक्ष मधुवन बिसी, गैरसरकारी संस्था महासंघ कर्णालीका अध्यक्ष घनश्याम केसी तथा विभिन्न सरकारी एवं गैरसरकारी निकायका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो । नेपाल पत्रकार महासंघ जिल्ला शाखा सुर्खेतका अध्यक्ष मधुवन बिसीले लोकतान्त्रिक अभ्यास, संसदीय प्रणाली र सार्वजनिक जवाफदेहिताबारे युवालाई व्यवहारिक ज्ञान दिने यस्ता कार्यक्रम समयसापेक्ष र प्रभावकारी रहेको बताए । उनले कार्यक्रममा प्राप्त ज्ञान र अनुभवलाई समाजमा सकारात्मक परिवर्तन ल्याउने माध्यमका रूपमा उपयोग गर्न सहभागी युवालाई आग्रह गरे । राष्ट्रिय युवा परिषद्का उपसचिव तथा कार्यक्रमका प्रमुख प्रशिक्षक कर्णबहादुर कुँवर, प्रदेश सभा सचिवालय कर्णाली प्रदेशका शाखा अधिकृत राजेन्द्र पौडेल लगायतका प्रशिक्षकहरूले प्रदेश सभाको कार्यप्रणाली, संसदीय अभ्यास, विधेयक निर्माण प्रक्रिया, नेतृत्व विकास तथा लोकतान्त्रिक अभ्यासका विविध विषयमा सहजीकरण गरेका थिए । कार्यक्रमलाई सञ्चालन तथा सहजीकरण रेशम खत्रीले गरेका थिए । सामाजिक विकास मन्त्रालयका अनुसार प्रदेश नमुना सभा अभ्यास कार्यक्रमले सहभागी युवामा सार्वजनिक बोल्ने कला, नेतृत्व क्षमता, नीति निर्माण प्रक्रियाप्रतिको बुझाइ, लोकतान्त्रिक अभ्यासप्रतिको सकारात्मक दृष्टिकोण तथा सामूहिक निर्णय गर्ने संस्कार विकास गर्न उल्लेखनीय योगदान पुर्‍याएको छ । मन्त्रालयले आगामी दिनमा पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिँदै प्रदेशभरका युवालाई लोकतान्त्रिक अभ्यास र नेतृत्व विकाससँग जोड्ने लक्ष्य लिएको जनाएको छ ।

# १८ जिल्लाका ५८ स्थानीय तहमा स्रोत बीउ उत्पादन कार्यक्रम सञ्चालन



कााँक्रेविहार संवाददाता
काठमाडौं, २१ असार

कृषि विभागले विभिन्न १८ जिल्लाका ५८ स्थानीय तहमा गुणस्तरीय बीउमा किसानको पहुँच वृद्धिका लागि स्रोत बीउ उत्पादन कार्यक्रम सञ्चालन गरेको छ ।

विभागले सङ्घीय सशर्त वित्तीय हस्तान्तरण कार्यक्रममार्फत उन्नत बीउ उत्पादन गर्न यो कार्यक्रम सञ्चालन गरेको हो ।

विभागका महानिर्देशक प्रकाशकुमार सञ्जेलले जलवायु परिवर्तनको नकारात्मक प्रभाव घटाउन धान बालीमा उत्थानशील जात विकास गरिने जानकारी दिए। धान खेतीमा छरुवा प्रविधि, पालैपालो जमिन भिजाउने र सुकाउने तथा वर्षाको पानी सङ्कलनजस्ता प्रविधि विस्तारमा जोड दिइएको उनले बताए ।

कार्यक्रमअन्तर्गत हर्दिनाथ-१ र ३ वर्णशङ्कर जात प्रवर्द्धन, २१ जोन र ५ सुपरजोनमार्फत वर्खे तथा चैते धानमा यान्त्रिकीकरण प्रवर्द्धन र मूल्य शृ ला विकास गरिने छ । चैते धान प्रवर्द्धनमा किसानलाई अनुदान उपलब्ध गराइने छ ।

विभागले यस वर्षदेखि धानमा आधारित परियोजना महोत्तरी, सर्लाही, नुवाकोट र नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) का आठ स्थानीय तहमा सुरु गरेको छ ।

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
ह.नि.सु.द.नं. ०१/२०८२/०८३

# सरकारको १०० दिन सुशासनमा केन्द्रित हुनु सकारात्मक : गगन थापा



❐ **काँक्रेविहार संवाददाता**
काठमाडौं, २१ असार

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका सभापति गगन थापाले सरकारको १०० दिनको कामलाई सुशासनमा केन्द्रित गर्नु सकारात्मक रहेको बताएका छन् ।

आइतबार पार्टी मुख्यालय सानेपामा भएको सरकारका कामकारबाहीका बारेमा भएको पत्रकार सम्मेलननमा उनले प्रधानमन्त्री वालेन्द्र शाहको प्रशंसा गरेका हुन् ।

सरकारले विगतका जस्तै बालुवाटार केन्द्रित नभई सिंहदरबारबाट शासन सञ्चालन गर्ने अभ्यासलाई प्राथमिकता दिएको भन्दै थापाले प्रधानमन्त्री शाहको प्रशंसा गरेका छन् ।

हेर्दा सामान्य देखिए पनि यसले सकारात्मक प्रभाव पर्ने उनले बताए । सभापति थापाले सो कार्यले निरन्तरता पाओस् भन्ने कामना पनि गरे ।

◆ नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन औषधि, खोप तथा अत्यावश्यक स्वास्थ्य सामग्रीको समयमै उपलब्धता अपरिहार्य हुन्छ । यही जिम्मेवारीलाई प्रभावकारी रूपमा निर्वाह गर्दै प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, वीरेन्द्रनगर, सुर्खेत ले कर्णाली प्रदेशभरका स्वास्थ्य संस्थामा आवश्यक औषधि तथा स्वास्थ्य सामग्रीको नियमित आपूर्ति गर्दै आएको छ ।
◆ प्रदेशभर सञ्चालित अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य सेवा केन्द्रमा आवश्यक पर्ने अत्यावश्यक औषधि, खोप, प्रयोगशाला सामग्री, स्वास्थ्य उपकरण तथा अन्य स्वास्थ्यजन्य सामग्रीको योजना निर्माण, खरिद, सुरक्षित भण्डारण र वितरण केन्द्रको मुख्य कार्य हो । यसले स्वास्थ्य संस्थामा औषधिको अभाव हुन नदिई सेवा प्रवाहलाई सहज बनाउन महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ ।
◆ केन्द्रले आधुनिक भण्डारण प्रणालीमार्फत औषधिको गुणस्तर कायम राख्दै आवश्यकताअनुसार जिल्लाहरूमा समयमै वितरण गर्ने व्यवस्था मिलाएको छ । आपूर्ति व्यवस्थापनलाई वैज्ञानिक र पारदर्शी बनाउँदै नागरिकसम्म प्रभावकारी स्वास्थ्य सेवा पुऱ्याउने अभियानलाई केन्द्रले निरन्तर प्राथमिकतामा राखेको छ ।
◆ कोभिड-१९ महामारीजस्ता विपद्का समयमा औषधि, खोप, अक्सिजन सामग्री तथा अन्य स्वास्थ्य उपकरणको व्यवस्थापनमा केन्द्रले महत्वपूर्ण भूमिका खेलेको थियो । यस्तै, प्राकृतिक विपद् वा आकस्मिक स्वास्थ्य संकटका बेला आवश्यक स्वास्थ्य सामग्री तत्काल उपलब्ध गराउने तयारीसहित केन्द्रले आपत्कालीन मौज्दात (बफर स्टक) समेत व्यवस्थापन गर्दै आएको छ ।
◆ स्वास्थ्य क्षेत्रमा सुशासन प्रवर्द्धन गर्न केन्द्रले सार्वजनिक खरिद प्रक्रियालाई पारदर्शी, प्रतिस्पर्धात्मक र कानुनसम्मत रूपमा सञ्चालन गर्दै आएको छ । सूचना प्रविधिको प्रयोगमार्फत औषधि तथा स्वास्थ्य सामग्रीको अभिलेखीकरण, मौज्दात व्यवस्थापन र वितरण प्रणालीलाई थप व्यवस्थित बनाइएको छ ।
◆ कर्णाली प्रदेशका दुर्गम तथा विकट जिल्लामा समेत आवश्यक औषधि र स्वास्थ्य सामग्री सहज रूपमा उपलब्ध गराउने लक्ष्यका साथ केन्द्रले सम्बन्धित निकायसँग समन्वय गर्दै सेवा विस्तार गरिरहेको छ । यसले स्वास्थ्य सेवाको पहुँच विस्तार हुनुका साथै नागरिकले गुणस्तरीय उपचार सेवा प्राप्त गर्न सहज वातावरण सिर्जना गरेको छ ।
◆ प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र कर्णाली प्रदेश सरकारको स्वास्थ्य प्रणालीलाई सुदृढ बनाउने महत्वपूर्ण निकायका रूपमा स्थापित हुँदै गएको छ । समयमै औषधि, खोप र स्वास्थ्य सामग्री उपलब्ध गराउने प्रभावकारी व्यवस्थापनमार्फत केन्द्रले स्वस्थ, सुरक्षित र समृद्ध कर्णाली निर्माणमा निरन्तर योगदान पुऱ्याइरहेको छ ।

**प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र**
सुर्खेत, कर्णाली प्रदेश, नेपाल

# गृह मन्त्रालयको प्रतिबद्धतापछि काठमाडौंबाट फर्किए सुस्तावासी




❐ **काँक्रेविहार संवाददाता**
बुटवल, २१ असार

सीमा अतिक्रमण रोक्न, नागरिकता र लालपुर्जा उपलब्ध गराउनुपर्ने माग राख्दै काठमाडौंमा आन्दोलन गरिरहेका नवलपरासीको सुस्ता क्षेत्रका बासिन्दा गृह मन्त्रालयबाट माग सम्बोधन गर्ने प्रतिबद्धता आएपछि आन्दोलन स्थगित गरेर फर्किएका छन् ।

गत मंगलबारदेखि काठमाडौंमा धर्ना तथा प्रदर्शन गर्दै आएका आन्दोलनकारीहरूको टोली आइतबार बिहान सुस्ता पुगेको आन्दोलनका संयोजक बाबु खाँले रातोपाटीलाई जानकारी दिए ।

उनका अनुसार गृह मन्त्रालयले सुस्ता क्षेत्रको सुरक्षा संवेदनशीलतालाई ध्यानमा राख्दै थप सुरक्षाकर्मी परिचालन गर्ने, नागरिकता नपाएका व्यक्तिहरूको विवरण तयार गर्ने तथा आवश्यक कानुनी प्रक्रिया पूरा गरी नागरिकता उपलब्ध गराउने विषयमा पत्राचार गरेपछि आन्दोलन स्थगित गर्ने निर्णय गरिएको हो ।

संयोजक खाँले सुस्तामा फर्किएपछि जिल्ला प्रशासन कार्यालयसँग थप छलफल गर्ने तयारी रहेको बताए । आइतबार बिदामा रहेकाले सोमबार आन्दोलनकारीहरूको टोली जिल्ला प्रशासन कार्यालय पुगेर मन्त्रालयको प्रतिबद्धता कार्यान्वयनबारे छलफल गर्ने योजना रहेको उनले बताए ।

५० भन्दा बढी सुस्तावासी काठमाडौं पुगेर सीमा अतिक्रमण रोक्न, भूमि संरक्षण गर्न तथा वर्षौंदेखि बसोबास गर्दै आएका स्थानीयलाई नागरिकता र लालपुर्जा वितरण गर्नुपर्ने तीन प्रमुख मागसहित आन्दोलनमा सहभागी भएका थिए ।

आन्दोलनका क्रममा उनीहरू गौशालाबाट नारा-जुलुससहित माइतीघर मण्डलामा पुगेर धर्नामा बसेका थिए। गृह मन्त्रालयबाट माग सम्बोधन गर्ने प्रतिबद्धता जनाइएपछि उनीहरूले हालका लागि आन्दोलन स्थगित गरी गाउँ फर्किएको बताएका छन् ।

**घर घरमा हुलाक, मन मनमा हुलाक**

छिटोछरितो, सस्तो, भरपर्दो र विश्वसनीय द्रुत हवाई डाँकसेवा (Air Ems) प्रयोग गरी चिठीपत्र, कागजात र सामानहरू स्वदेश तथा विदेशमा आदान-प्रदान गरौं ।

**हुलाक निर्देशनालय, सुर्खेत**
सम्पर्क: ०८३-५२०२३४/०८३५२०१७५




काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)